apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९८ ● पृष्ठ: ४ ● २६ कार्तिक २०८३ विहीबार (12 November 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

रास्वपामा क्यान्डिडेट क्लब: प्रमुख पदमा आकर्षण, अन्य पदमा छैन उत्साह

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २५ गते



गत शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेले आगामी स्थानीय तह निर्वाचनमा सबैको ध्यान पालिका प्रमुखमा मात्र गएकोप्रति तीव्र असन्तुष्टि पोखे।

गृह जिल्ला चितवनमा आन्तरिक प्रशिक्षणको क्रममा पार्टीभित्र देखिएको समस्याप्रति कटाक्ष गर्दै लामिछानेले सांसद पदबाट राजीनामा दिएर वडाध्यक्षमा उठ्नु पर्ला भनेर व्यङ्ग्य गरेका थिए। पार्टी स्थापना भएको साढे चार वर्षमा २१ सिट बाट १८२ सिट जितेर कीर्तिमान बनाएको रास्वपाका नेता तथा कार्यकर्ताहरूको ध्यान पालिका प्रमुख र सांसद पदमा मात्र गएकोप्रति असन्तुष्टि पोखेका थिए।

'वडामा चुनाव लड्न त म आफैं राजीनामा दिएर वडाध्यक्ष उठ्नुपर्ला जस्तो छ! हाम्रा साथीहरू वडाध्यक्षको पदलाई हेर्दै हेर्दैनन्, एकैचोटि पालिका प्रमुख, सभापति वा सांसद मात्र हुन खोज्छन्,' उनले भनेका थिए, 'माथि मात्र हेर्ने, तल नहेर्ने! यहाँ कसैलाई वडाध्यक्ष हुन मन छैन। यदि त्यस्तै हो भने म राजीनामा दिएर वडाध्यक्ष लड्न आउँछु, तपाईंहरू त निकै ठुला पो हुन थाल्नुभयो!'

असोज १७ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले महामन्त्री विपिन कुमार आचार्यको संयोजकत्वमा 'स्थानीय तह निर्वाचन उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन तथा समन्वय समिति' गठन गरेको थियो। कार्तिक १५ गते बसेको उम्मेदवार छनोट रूपरेखा समितिको बैठकले कार्यान्वयन तथा समन्वयका लागि विभिन्न उपसमितिहरू गठन गरिएको थियो।

क्यान्डिडेट क्लबमा कविन्द्र बुर्लाकोटी, प्रविधिमा सुशान्त वैदिक, गुनासो समन्वयमा जनकसिंह धामी, समावेशिता तथा महिला सहभागितामा डा. तोसिमा कार्की, क्षमता विकास समन्वयमा टासी ल्हाजोम, व्यवस्थापनमा रहबर अन्सारी र प्रचारप्रसार उपसमितिमा मिलन लिम्बू छन्। समितिमा पार्टीको सातै प्रदेशका सभापतिहरू पदेन सदस्य रहनेछन्।

क्यान्डिडेट क्लब मार्फत रास्वपाले पहिले गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्यहरूको लागि उम्मेदवारी आह्वान गरेको थियो। दोस्रो चरणमा नगरपालिका र तेस्रो चरणमा महानगरपालिका र नगरपालिकाका लागि उम्मेदवारी आह्वान गरेको थियो। तर, स्थानीय तहमा जनतासँग प्रत्यक्ष जोडिएका वडाध्यक्ष र सदस्यहरूका लागि अपेक्षाकृत आवेदन नपरेपछि सभापति लामिछानेले पार्टीका नेता तथा कार्यकर्ताहरू अवसरवादी बन्दै गएको निष्कर्ष निकालेका थिए।

लामिछानेले भनेका थिए, 'मैले त कसैले वडाध्यक्षका लागि आवेदन

बाँकी पृष्ठ ३ ▸▸

गोलबजार व्यापार संघमा ३१ जनाको उम्मेदवारी

अध्यक्षमा चार जनाबीच प्रतिस्पर्धा


महेश साह (कोक्वा) | राकेश गुप्ता | त्रिदेव साह | सुशील अग्रवाल

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २५ गते

आगामी मंसिर ४ गते हुने गोलबजार उद्योग व्यापार संघको निर्वाचनका लागि बुधबार विभिन्न पदमा ३१ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

अध्यक्ष पदका लागि महेश साह (कोक्वा), राकेश गुप्ता, त्रिदेव साह र सुशील अग्रवाल चुनावी मैदानमा उत्रिएका छन्।

त्यस्तै, प्रथम उपाध्यक्षमा आनन्द यादव र रामप्रमोद यादव, द्वितीय उपाध्यक्षमा ओमप्रकाश साह र सदाव खान, सचिवमा पवन नायक र सुनिल सिंह तथा कोषाध्यक्षमा प्रकाश साह र कपिल साहबीच प्रतिस्पर्धा हुने भएको छ।

महासचिव पदमा वीरेन्द्र सिंह (वैजु) र अरविन्द सिंहले उम्मेदवारी दिएका छन्। सदस्य पदका लागि १९ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृत सुरेश साहले जानकारी दिए।

विभिन्न पदमा उम्मेदवारी दर्ता भएसँगै संघको आगामी नेतृत्व चयनका लागि चुनावी प्रतिस्पर्धा तीव्र बनेको छ। मंसिर ४ गते हुने निर्वाचनबाट संघको नयाँ नेतृत्व चयन हुनेछ।

मधेशमा छठको तयारी सुरू, बजारमा किनमेल गर्नेहरूको भिडभाड

अपन दैनिक संवाददाता
वीरगन्ज, कार्तिक २५ गते



तिहारसँगै तराई-मधेशमा छठ पर्वको तयारी र चहलपहल सुरू भएको छ। कार्तिक महिनाको शुक्ल पक्षको चौथी तिथिका दिनबाट विधिवत रुपमा सुरु हुने छठ पर्व सप्तमी तिथिका दिन बिहानसम्म गरि चार दिन मनाइन्छ। तराई-मधेशमा बस्ने भोजपुरी, अवधि, बज्जिका र मैथीली भाषी हिन्दूको प्रमुख पर्व नै छठ हो। यसपाली छठ पूजा कार्तिक २९ गते आइतबारका दिन परेको छ।

तरई-मधेशमा छठ पूजाको लागि चाहिने पूजन तथा प्रसाद सामाग्री, भाडाँवर्तन, कपडालत्ता इत्यादिको किनमेल सुरू भइसकेको छ। यस्तै नदी, तलाउ, पोखरीलगायतका जलाशय छेउमा छठी माताको मुख्य पूजा आराधना गरिने भएकाले ती स्थानको सरसफाइ र सजावटको काम पनि अहिले जोडतोडका साथ भइरहेको छ।

छठपूजाको मुख्य दिन अर्थात षष्ठी तिथिका दिन साँझ अस्ताउँदो सूर्य र सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाइ अर्घ (पुजआराधना) दिने स्थल छठीघाट नदी, पोखरी, तलाउ इत्यादि जलाशयको सरसफाइ र सजावटको काम पनि सुरू भइसकेको छ।

पछिल्लो दुई दशक यता छठीघाटको सरसफाइ र सजावटमा होडबाजी नै देखिएको छ। छठ पूजा मनाउनका लागि वीगरगन्जको घडीअर्वा पोखरी, रानीघाटको सिर्सिया नदी, छपकैया पोखरी, स्वीमीङ पुल, नगवा पोखरी, मुर्ली पोखरी, पिपरा, रामगढवा, सिर्सिया, अलौलगायतका स्थानमा रहेका जलाशयहरूमा सरसफाइ गरी छठीघाटको रुपमा सजाउने काम सुरु भइसकेको छ।

आकर्षक टेण्ट, पण्डाल र झिलीमली बत्ती लगाएर छठीघाट सजवाटका लागि मात्रै स्थानीय स्तरमा गठन गरिएका छठ पूजा व्यवस्थापन समितिहरुले लाखौं रुपैयाँ खर्च गर्दै आएका छन्। छठ पर्वका लागि नेपालमै प्रसिद्ध वीरगन्जको घडिअर्वा

बाँकी पृष्ठ ४ ▸▸

मुख्यमन्त्री यादवले कार्तिक २८ गते विश्वासको मत लिने

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २५ गते



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही कार्तिक २८ गते प्रदेशसभामा विश्वासको मत लिनुहुने भएको छ।

प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लाग्नुभएको हो।

प्रदेशसभाबाट यही कार्तिक २८ गते दिउँसो १:०० बजे विश्वासको मत लिने मुख्यमन्त्री यादवले बताए। विश्वासको मत लिनका लागि प्रदेशसभाको बैठक बोलाउन प्रदेशसभा सचिवालयलाई पत्राचार गर्न लागिएको मुख्यमन्त्री यादवको भनाइ छ।

विश्वास प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वासको लिनु अघिसम्म संवाद जारी राख्ने मुख्यमन्त्री यादवले बताए।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले गत असोज २५ गते सामुहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो।

यस्तै सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार जना मन्त्रीले

बाँकी पृष्ठ २ ▸▸

सिरहामा प्रतिबन्धित औषधिसहित भारतीय नागरिक पक्राउ



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २५ गते

भारतबाट मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका एक भारतीय नागरिक सिरहामा प्रतिबन्धित औषधिसहित पक्राउ परेका छन्।

पक्राउ पर्नेमा भारतको बिहार राज्यअन्तर्गत मधुवनी जिल्ला, झझरी गाउँका करिब ३५ वर्षीय मनोजकुमार साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार भगवानपुर गाउँपालिका-४ स्थित बलान खोला नजिकको गोरेटो बाटोमा प्रहरी चौकी ठाडीबाट खटिएको गस्ती टोलीले उनलाई पक्राउ गरेको हो।

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

रक्त सञ्चार केन्द्र फेरी बन्द हुनु भएन

प्रादेशिक अस्पताल सिरहामा पुनः रक्त सञ्चार केन्द्र स्थापना गरिएको छ । यो सिरहा जिल्लावासीका लागि सुखद खबर हो । लामो समयदेखि अस्पतालमा उपचार गराउन आउने बिरामी तथा तिनका आफन्तले रगतको आवश्यकता पर्दा निकै सास्ती खेप्दै आएका थिए । अस्पतालमै रक्त सञ्चार केन्द्र नहुँदा रगत खोज्न विभिन्न ठाउँमा भौतारिनुपर्ने, आफन्त र चिनजानका व्यक्तिलाई गुहार्नुपर्ने तथा कतिपय अवस्थामा उपचारमा समेत ढिलाइ हुने अवस्था थियो । यस्तो संवेदनशील समस्याको अन्त्य गर्ने उद्देश्यले स्थानीय युवाहरूको सक्रियतामा अस्पतालमा पुनः रक्त सञ्चार केन्द्र स्थापना हुनु सकारात्मक पहल हो । यसअघि पनि प्रादेशिक अस्पताल सिरहामा रक्त सञ्चार केन्द्र स्थापना गरिएको थियो । तर, आवश्यक व्यवस्थापन, सञ्चालन र निरन्तरताको अभावमा त्यो बन्द हुन पुग्यो । अहिले फेरि तामझामका साथ केन्द्रको स्थापना गरिएको छ । उद्घाटन र औपचारिक कार्यक्रमले मात्रै नागरिकको आवश्यकता पूरा हुँदैन । नागरिकले चाहेको उद्घाटन समारोह होइन, आवश्यक परेको बेला सहजै रगत उपलब्ध हुने भरपर्दो सेवा हो ।

रक्त सञ्चार सेवा अस्पतालको सामान्य सुविधा मात्र होइन, यो जीवन बचाउने अत्यावश्यक स्वास्थ्य सेवा हो । दुर्घटना, प्रसूति, शल्यक्रिया, गम्भीर रक्तस्राव तथा अन्य आकस्मिक अवस्थामा बिरामीलाई तत्काल रगत आवश्यक पर्न सक्छ । यस्तो अवस्थामा रगतको खोजीमा समय बिताउनु भनेको बिरामीको जीवन नै जोखिममा पार्नु हो । त्यसैले प्रादेशिक अस्पतालजस्तो सरकारी स्वास्थ्य संस्थामा रक्त सञ्चार केन्द्रको प्रभावकारी सञ्चालन अनिवार्य आवश्यकता हो । यसका लागि अस्पताल व्यवस्थापन समिति र प्रशासनले विशेष जिम्मेवारी लिनुपर्छ । रक्त सञ्चार केन्द्र सञ्चालनका लागि दक्ष जनशक्तिको व्यवस्था, आवश्यक उपकरण, परीक्षण सामग्री, सुरक्षित रक्त भण्डारण, नियमित रगत संकलन तथा वितरणको सुनिश्चिततालाई निरन्तरता दिनुपर्छ । रगतको माग र आपूर्तिबीच सन्तुलन कायम गर्न नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्नुका साथै स्थानीय युवा, सामाजिक संघसंस्था र रक्तदाता समूहसँग सहकार्य गर्नुपर्छ । रक्तदाताको अभिलेख व्यवस्थित राख्ने र आकस्मिक अवस्थामा तत्काल सम्पर्क गर्न सकिने प्रणाली पनि विकास गर्न आवश्यक छ ।

त्यसैगरी रक्त सञ्चार केन्द्र सञ्चालनका लागि आवश्यक बजेट र स्रोतको दीर्घकालीन व्यवस्था हुनुपर्छ । आज स्थापना गर्ने, भोलि जनशक्ति र बजेटको अभाव देखाएर बन्द गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । केन्द्र नियमित सञ्चालन भइरहेको छ कि छैन, बिरामीले सहज रूपमा सेवा पाइरहेका छन् कि छैनन् भन्ने विषयमा अस्पताल व्यवस्थापन समितिले निरन्तर अनुगमन गर्नुपर्छ । सेवा प्रवाहमा देखिने समस्या समाधान गर्न अस्पताल प्रशासन जवाफदेही हुनुपर्छ । यो विषयमा स्थानीय युवाहरूको सक्रियता प्रशंसनीय छ । उनीहरूको पहलले अस्पताल प्रशासनलाई रक्त सञ्चार केन्द्र पुनः सञ्चालन गर्न प्रेरित गरेको छ । तर, युवाहरूको सक्रियता र दबाबले मात्रै यसको निरन्तरता सम्भव हुँदैन् । संस्थागत जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता आवश्यक छ । नागरिक समाज, सञ्चारकर्मी र स्थानीय समुदायले पनि यसको नियमित निगरानी गर्नुपर्छ । प्रादेशिक अस्पताल सिरहामा रक्त सञ्चार केन्द्र पुनः स्थापना हुनु राम्रो हो । अब कुनै बिरामीका आफन्तले रगतका लागि अस्पतालबाहिर भौतारिनुपर्ने छैन् भन्ने ग्यारेन्टी गर्नुपर्छ । आवश्यक परेको बेला सुरक्षित रगत सहज रूपमा उपलब्ध हुने वातावरण हुनैपर्छ । अस्पताल प्रशासन र व्यवस्थापन समितिले एउटा कुरा स्पष्ट रूपमा बुझ्नुपर्छ । रक्त सञ्चार केन्द्र पटकपटक उद्घाटन गर्ने संरचना होइन, निरन्तर सञ्चालन हुनुपर्ने जीवनरक्षक सेवा हो । अब यो केन्द्र फेरि बन्द हुने अवस्था आउनु हुँदैन् । यसका लागि व्यवस्थापन, जनशक्ति, बजेट र जवाफदेहिताको ठोस सुनिश्चितता गरियोस् । नागरिकले तामझाम होइन, नियमित र प्रभावकारी सेवा चाहेको कुरा अस्पताल प्रशासनले बुझ्नुपर्छ ।

मुख्यमन्त्री यादवले कार्तिक २८ गते .....

यही कार्तिक २० गते राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

सत्तारुढ दुई दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाउनुभएको छ । १०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ ।

मधेश प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन् ।

त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन् ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४

संघीय निजामती ऐनको प्रतीक्षामा कर्मचारीतन्त्रः अनुभवी कर्मचारीमा निराशा, प्रशासनमा अन्योल


बालकराम देवकोटा

कुनै पनि मुलुकको समग्र समृद्धि, सुशासन र सार्वजनिक सेवा प्रवाहको असली मेरुदण्ड त्यस देशको मानव संसाधन अथवा कर्मचारीतन्त्र हो। अन्य मुलुकजस्तै नेपालमा पनि निजामती प्रशासन राज्य सञ्चालनको एक प्रमुख र स्थायी अंग हो । यसको अभावमा राज्य सञ्चालनको परिकल्पनासम्म पनि गर्न सकिदैन । निजामती प्रशासनले नै सरकारलाई निरन्तरता प्रदान गर्दछ । निजामती प्रशासनले उपलब्ध गराउने संस्थागत सम्भावना र विचारका आधारमा सरकारले राज्य सञ्चालन गर्दछ ।

नेपालमा निजामती सेवाको विकास

विश्वमा 'निजामती सेवा' शब्दको पहिलो सुरुवात सन् १७८५ मा भएको हो भने नेपालमा वि.सं. २००९ सालमा प्रशासनिक पुनर्गठन समिति बनेको थियो । यो नै नेपालको पहिलो प्रशासनिक आयोग हो, जसलाई 'बुच कमिसन' पनि भनिन्छ ।

तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा वि.सं. २०१३ सालमा प्रशासनिक पुनर्गठन आयोग गठन भएको थियो । त्यसलगत्तै पहिलो पटक वि.सं. २०१३ सालमा निजामती सेवा ऐन, २०१३ जारी भएको थियो । टंकप्रसाद आचार्यलाई नै निजामती सेवाको जन्मदाताका रूपमा चिनिन्छ ।

२०२५ सालमा तत्कालीन गृहमन्त्री वेदानन्द झाको अध्यक्षतामा फेरि प्रशासनिक सुधार आयोग गठन भयो । २०३२ सालमा भेषबहादुर थापाको अध्यक्षतामा अर्को प्रशासन सुधार आयोग गठन भयो । यसरी पञ्चायती शासन व्यवस्थामा धेरै पटक निजामती सेवा गठन, सञ्चालन, संशोधन तथा सुधारसम्बन्धी आयोग गठन भए र निजामती सेवासम्बन्धी विभिन्न सुधार, संशोधन तथा विकास हुँदै गए ।

निजामती सेवालाई विधिसम्मत सञ्चालन गर्ने प्रक्रियाको थालनी र ऐन संशोधन हुने प्रक्रिया चलि नै रहे । २०४६ सालको जनआन्दोलनपश्चात् बनेको नेपालको संविधानको धारा १२४ मा 'निजामती सेवाको गठन र सञ्चालन ऐनद्वारा गरिनेछ' भन्ने व्यवस्था गरी पहिलो पटक निजामती सेवालाई संविधानमा सम्बोधन गर्ने कामको थालनी भयो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ मा पनि निजामती सेवालाई संविधानमा समावेश गरियो र हाल प्रचलित नेपालको संविधान, २०७२ को धारा २८५ मा पनि निजामती सेवाको गठन तथा सञ्चालनको व्यवस्था गरिएको छ ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले निजामती सेवा ऐन, २०२१ लाई संशोधन गर्दै आफ्नै अध्यक्षतामा २०४८ सालमा पुनः प्रशासनिक सुधार आयोग गठन गऱ्यो र २०४९ सालमा हाल प्रचलित निजामती सेवा ऐन, २०४९ लागू भयो ।

त्यतिखेर पनि उमेर हद ६० बाट ५८ वर्ष र नोकरी अवधि ३० वर्ष मात्र प्रस्ताव गरिएको थियो । तर केही राष्ट्रसेवक कर्मचारीले ३० वर्ष सेवा अवधिको विरोधमा सम्मानित सर्वोच्च अदालतमा कानुनी लडाइँ लडे । सर्वोच्चको आदेशले ३० वर्षे सेवा अवधि खारेज गरिदियो र उमेर हद ५८ वर्ष कायम गऱ्यो ।

तर २०४९ सालभन्दा पहिला स्थायी नियुक्ति पाएका निजामती कर्मचारीको उमेर हद ६० वर्षबाट दुई वर्ष घटाई ५८ वर्ष कायम गर्ने, तर निजले पाउने सेवा सुविधा र निवृत्तिभरण भने ६० वर्षकै दिने निर्णय सर्वोच्च अदालतबाट भयो । सोहीअनुसार यो ऐन हालसम्म प्रचलित छ ।

नेपालमा गणतन्त्र प्राप्तिपछि २०६५ सालमा तत्कालीन सामान्य प्रशासनमन्त्री पम्फा भुसालको अध्यक्षतामा प्रशासनिक पुनर्संरचना आयोग गठन भयो । यस आयोगको समितिको पदेन अध्यक्ष पदमा सामान्य प्रशासनमन्त्री रहने व्यवस्था भयो ।

निजामती सेवा ऐनको दोस्रो संशोधन, २०६४ ले निजामती सेवामा केही सकारात्मक सुधारहरू गऱ्यो । जस्तैः कार्यसम्पादन तथा अनुभवका आधारबाट हुने बढुवासम्बन्धी विशेष व्यवस्था, जसलाई २४ घ १ बाट हुने बढुवा भनियो । यो व्यवस्था लागू भयो । यस व्यवस्थालाई २०७० सालमा अध्यादेशमार्फत कार्यक्षमताबाट बढुवा भएका सबै कर्मचारीलाई समायोजन गरी समाप्त गरियो ।

नेपालमा निजामती सेवामा ट्रेड युनियनको अधिकार लागू हुनु, प्रत्येक वर्षको भदौ २२ गते निजामती सेवा दिवस मनाउने व्यवस्था, सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारीहरूको घोषणा र पुरस्कारको व्यवस्था, निजामती सेवासम्बन्धी ऐन तथा नियम बनाउँदा कर्मचारी प्रतिनिधिको सहभागिता गराउनुपर्ने व्यवस्था, समावेशी निजामती सेवाको अवधारणा र आरक्षणको व्यवस्था तथा पिछडिएको क्षेत्रको पहिचानजस्ता महत्त्वपूर्ण अधिकारहरू निजामती सेवा ऐनमा समावेश भए । यसलाई निजामती सेवाको स्वर्णकालका रूपमा हेरिन्छ ।

नेपालको संविधान, २०७२ अनुसार देशमा गणतन्त्र लागू भई देश संघीय राज्य संरचनामा गइसकेपछि अथवा ११ वर्षदेखि विभिन्न कारणले अड्किएको संघीय निजामती सेवा ऐनको मस्यौदा कानुन मन्त्रालय, अर्थ मन्त्रालयको सहमतिसहित लोक सेवा आयोगको परामर्श जे-जस्तो आए पनि सदनमा दर्ता भइसकेको छ ।

चर्चामा रहेको यस मस्यौदासम्बन्धी विवरणमा ५५ वर्ष उमेर हद पुगेका वा ३० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूलाई एक पटकका लागि अवकाशतर्फ लैजाने व्यवस्था चर्चामा आउँदा धेरै पाका र अनुभवी कर्मचारी निराश भएका छन् । दिनप्रतिदिन राजीनामा दिँदै छन् । निजामती सेवातर्फ निराशा जाग्दै छ । अथवा भनौं, निजामती सेवा नै घाइते मृगझैं रन्थनिएको, दोधारको अवस्थामा रहेको छ ।

नेपालको निजामती सेवा यतिबेला एउटा महत्त्वपूर्ण संक्रमणको मोडमा उभिएको छ । लामो समयदेखि निजामती सेवामा रहेका कर्मचारीको सेवा अवधि, अवकाशको उमेर, निवृत्तिभरणको गणना र नयाँ पुस्ताका लागि अवसर सिर्जना गर्ने विषयलाई जोडेर संघीय निजामती सेवा कानुन परिवर्तनको तयारी भइरहेको छ ।

प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ३७ ले निवृत्तिभरणको आधार स्पष्ट पारेको छ । बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले मासिक निवृत्तिभरण पाउने कानुनी व्यवस्था छ । साथै, यही ऐनले उमेर हद ५८ वर्ष र २०४९ सालभन्दा अगाडि स्थायी नियुक्ति भएका कर्मचारीले ६० वर्षसम्मको निवृत्तिभरण पाउने व्यवस्था गरेको छ ।

संघीय संरचनाअनुसार सबै प्रदेश सरकारले आ-आफ्नो प्रदेशको निजामती सेवा ऐन ल्याएर लागू गरिसकेका छन् । यसैअनुसार केही कर्मचारीको तहगत बढुवा पनि भइसकेको छ ।

तर निजामती सेवा ऐन, २०४९ को दफा ३३ अनुसार उमेर हदका कारण अनिवार्य अवकाश भएका प्रदेश अथवा स्थानीय तहमा समायोजन भएका, तर प्रदेश सरकार अथवा स्थानीय सरकारले बढुवा गरेका निजामती कर्मचारीहरूले आफूले पाउनुपर्ने सेवा सुविधा पाउँदैनन् ।

अथवा भनौं, सामान्य प्रशासन मन्त्रालय र निजामती किताबखानाले प्रदेश तथा स्थानीय तहले बढुवा गरेका कर्मचारीहरूलाई चिन्दैनन् । कर्मचारी समायोजन ऐन, २०७५ मा जुन तहमा समायोजन भएका हुन्, सोही तहको मात्र सेवा सुविधा लिएर अवकाशमा जाने कर्मचारीहरूले चित्त बुझाउनुपरेको छ ।

नाम आरक्षणको, लाभ टाठाबाठालाई

नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेअनुसार निजामती सेवा ऐन, २०४९ को नियमावलीको दोस्रो संशोधन, २०६४ को आरक्षण व्यवस्थाले झनै बर्बाद गरेको छ ।

किनभने आरक्षणको नाममा झुटा विवरण पेस गरेर निजामती सेवा, नेपाल प्रहरी, नेपाली सेना र शिक्षक सेवामा टाठाबाठा भएर लाभ उठाउने धेरै छन् ।

सबैभन्दा दुरुपयोग गर्ने भनेको सपाङ्गले अपाङ्गताको प्रमाणपत्र बनाएर अपाङ्गताको कोटा खाने, बसाइँ सरेर सुगम स्थानमा गएर बसे पनि दुर्गम तथा पिछडिएको स्थानको सिफारिस लिने, दलितको नाममा सम्पन्न धनाढ्य दलितले कोटा खाने, जनजातिको नाममा पहिले क्षेत्री जातिलाई थर थपघट गरेर जनजाति बन्ने हो ।

जस्तैः जीसीलाई घर्तीमगर बनाउने, रानालाई राना थारू र राना मगर बनाउनेको बिगबिगी छ ।

साँच्चिकै घरको अवस्था, शारीरिक अवस्था, हालको वास्तविक बसाइँसराइको अवस्था र पुराना पुर्खाको थरको अवस्था छानबिन गर्ने हो भने सरकारी सेवामा पेसाकर्मीका रूपमा रहेका अथवा टाठाबाठा भएर फड्को मार्नेहरूको रुवाबासी चल्नेछ ।

सम्बन्धित निकायले पनि पेस भएका कागजात मात्र हेर्छन्, यथार्थ अवस्था हेर्दैनन् । एकै व्यक्तिले हरेक सेवा र सुविधामा आरक्षणको नाममा खास आरक्षण पाउनुपर्नेहरूलाई दिनसम्म अन्याय दिएको पाइएको छ ।

एक पटक मात्र आरक्षण लिन पाउने गरी कानुन परिमार्जन

बाँकी पृष्ठ ४ ▸▸

आजको राशिफल

मेष : दिन सामान्य छ । मन अशान्त हुन सक्छ । व्यापारमा थप मिहिनेत गर्नु पर्ने दिन छ ।

बृष : दिन राम्रो छ । आम्दानी हुनेछ । पुराना मित्रसँगको भेटले मनमा खुसी मिल्ने छ ।

मिथुन : शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । लगानीका क्षेत्रबाट फाइदा हुनेछ । परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ ।

कर्कट : दिन राम्रो छ । आफन्तसँगको सम्बन्ध दरिलो बनाउने प्रयास गर्नुपर्नेछ । यात्रामा फाइदा हुनेछ ।

सिंह : दिन राम्रो छ । साथीभाइको साथले महत्त्वपूर्ण काम बन्नेछ । विवादबाट जोगिनुपर्ने दिन छ ।

कन्या : मन अशान्त बन्नेछ । हरेक काममा परिवारले राम्रो साथ दिने छन् । शिक्षामा उन्नति हुनेछ ।

तुला : दिन राम्रो छ । आफन्तसँगको सम्बन्ध सुधार गर्ने प्रयास गर्नु राम्रो हुनेछ । पारिवारिक मेलमिलाप हुनेछ ।

वृश्चिक : आम्दानीका दृष्टिकोणले दिन राम्रो छ । गुम्न लागेको सम्पत्ति हात लाग्नेछ ।

धनु : शिक्षाको क्षेत्रमा गरेको लगानीबाट घाटा हुन सक्छ । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । स्वास्थ्य सम्बन्धी समस्या हुन सक्छ ।

मकर : पारिवारिक मेलमिलाप हुनेछ । परिवाको साथ र सहयोगले महत्त्वपूर्ण काम सहजै बन्नेछ ।

कुम्भ : सोचेको काम बन्दा मनमा खुसी मिल्ने छ । परिवारको सल्लाह लिएर अगाडि बढेमा हरेक पाइलामा सफलता मिल्ने छ ।

मीन : थोरै बोलेर अघि बढ्नुपर्ने दिन छ । व्यवसायमा सोचेको जस्तो प्रगति नहुने जोखिम छ । प्रेम सम्बन्ध भने सुमधुर बन्नेछ ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

बटेश्वरका १२७ कर्मचारी 'बटेश्वर रत्न'बाट सम्मानित

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २५ गते



धनुषाको बटेश्वर गाउँपालिकाका १२७ जना राष्ट्रसेवक कर्मचारी 'बटेश्वर रत्न' सम्मानबाट सम्मानित भएका छन् ।

बटेश्वर गाउँपालिकाका स्थायी बासिन्दा भई सरकारी सेवामा स्थायी रूपमा देशका विभिन्न ठाउँमा कार्यरत कर्मचारीलाई बटेश्वर नागरिक समाजले 'बटेश्वर रत्न २०८३' बाट सम्मान गरेको हो ।

मंगलबार बटेश्वरस्थित शिवशक्ति माध्यमिक विद्यालयमा आयोजित समारोहमा उपस्थित १२७ जना कर्मचारीलाई सम्मान गरिएको नागरिक समाजका संयोजक डा. सुनिल सिंहले जानकारी दिए ।

गाउँपालिकाका पाँचवटै वडाबाट अनलाइन तथा प्रत्यक्ष रूपमा तथ्यांक संकलन गरी भौतिक रूपमा समारोहमा सहभागी हुन सक्ने १२७ जना कर्मचारीलाई पहिलो चरणमा सम्मान गरिएको हो । सरकारी सेवामा प्रवेश गरेका कर्मचारीको मनोबल बढाउने, जन्मभूमिप्रतिको अपनत्व र उत्तरदायित्वको भावना जागृत गराउने तथा नयाँ पुस्तालाई लोकसेवा आयोगको प्रतिस्पर्धामा सहभागी हुन प्रेरित गर्ने उद्देश्यले समारोह आयोजना गरिएको नागरिक समाजले जनाएको छ ।

समारोहको उद्घाटन स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै पृथक शैलीमा गरिएको थियो । स्थानीय कृषि उपज, माटो तथा बाँसबाट निर्मित भाँडाकुँडा र अन्य वस्तुको प्रदर्शनीमार्फत स्थानीय उत्पादनको महत्त्वबारे सन्देश दिइएको थियो । स्थानीय उत्पादनमा योगदान पुऱ्याउने उत्पादकलाई समेत सम्मान गरिएको थियो ।

आगामी वर्षदेखि निश्चित मापदण्ड बनाएर सरकारी सेवा, कृषि, उद्योग, व्यवसाय, सञ्चारलगायत विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने तथा समाजमा योगदान पुऱ्याउने व्यक्तिको पहिचान र छनोट गरी 'बटेश्वर रत्न'बाट सम्मान गर्ने लक्ष्य रहेको कार्यक्रम संयोजक एवं स्थानीय बासिन्दा पत्रकार शैलेन्द्र महतो 'क्रान्ति'ले जानकारी दिए । उनले नागरिक समाजको आगामी वार्षिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए ।

समारोहमा प्रमुख अतिथिका रूपमा धनुषा क्षेत्र नं. ४ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य एवं बटेश्वरवासी राजकिशोर महतो सहभागी थिए ।

विशिष्ट अतिथिमा बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, जनकपुरधामस्थित कबिर बालवात्सल्य आश्रमका सञ्चालक सन्त सत्यनारायण आलोक, बटेश्वरवासी एवं महालेखा परीक्षकको कार्यालयका नायब महालेखापरीक्षक तथा सहसचिव रामप्रकाश महतो र हुलाकी सडक निर्देशनालय जनकपुरका प्रमुख कृष्णकुमार महतो सहभागी थिए । उनीहरूबाट राष्ट्रसेवक कर्मचारीलाई सम्मान गरिएको थियो ।

सम्मान कार्यक्रम सञ्चालनमा बटेश्वर गाउँपालिका वडा नं. १ का अध्यक्ष अशोककुमार महतो, वडा नं. ३ का अध्यक्ष राममणि कुशवाहा र वडा नं. ५ का अध्यक्ष शिवकरण यादव तथा शिवशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रमोदशरण केवटलगायतले सहयोग गरेका थिए ।

रक्तदानको भावना जागृत गराउने उद्देश्यले समारोहको अवसरमा नेपाल रेडक्रस सोसाइटी जनकपुर र ब्लड फर नेपालको सहयोगमा रक्तदान

बाँकी पृष्ठ ४ ▸▸

जनकपुरमा होटलदेखि गाउँसम्म प्रहरीको छापा, जुवातास खेल्ने ३७ जना पक्राउ

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २५ गते

चाडपर्वको समयमा जुवातास नियन्त्रण गर्न प्रहरीले सक्रियता बढाएसँगै धनुषाका विभिन्न स्थानबाट जुवातास खेलिरहेको अवस्थामा ३७ जना पक्राउ परेका छन् ।

प्रहरीले पाँच दिनको अवधिमा जनकपुरधामसहित जिल्लाका विभिन्न स्थानमा छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार कार्तिक ७ देखि २४ गतेसम्म भएका छुट्टाछुट्टै कारबाहीमा उनीहरू पक्राउ परेका हुन् । पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडाका बासिन्दासहित महोत्तरी र सर्लाही सम्मका व्यक्ति रहेको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले पक्राउ परेकाहरुको साथबाट नेपाली रुपैयाँ ३ लाख ४८ हजार १ सय ९ र भारतीय रुपैयाँ ३ हजार ५ सय बरामद गर्नुका साथै तासका गड्डी तथा मोबाइल फोन र दुई वटा सवारीसाधनसमेत नियन्त्रणमा लिइएको छ ।

प्रहरीका अनुसार कात्तिक ७ गते जनकनन्दनी गाउँपालिका-२ बल्हाबाट सात जना पक्राउ परेका थिए । इलाका प्रहरी कार्यालय खजुरीबाट खटिएको टोलीले दिउँसो करिब २:४० बजे तास खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको थियो । उनीहरूको साथबाट नेपाली रुपैयाँ १३ हजार २ सय ८५, भारतीय रुपैयाँ २ हजार ३ सय, तासका दुई बुक र तीन वटा मोबाइल बरामद गरिएको थियो ।

त्यस्तै, कात्तिक १९ गते बिहान करिब ५ बजे जनकपुरधाम उपमहानगरपालिका-२३ स्थित बसपार्कबाट दुई जना पक्राउ परेका थिए । पक्राउ पर्नेमा जनकपुरधाम-७

बाँकी पृष्ठ ४ ▸▸

सिरहामा प्रतिबन्धित औषधिसहित भारतीय नागरिक .....

भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३२ एडी ४५४९ नम्बरको मोटरसाइकल शंकास्पद लागेपछि प्रहरीले जाँच गरेको थियो । सो क्रममा मोटरसाइकलको लेगार्डमा झुन्ड्याइएको झोलाभित्र प्रतिबन्धित औषधि फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार झोलाबाट बेनाड्रिल सिरपका ३० बोतल र डेक्सोरेन्ज सिरपका २९ बोतल गरी कुल ५९ बोतल औषधि बरामद गरिएको छ ।

बरामद औषधि, मोटरसाइकल र पक्राउ परेका साहलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानमा ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

रास्वपामा क्यान्डिडेट क्लब: प्रमुख पदमा आकर्षण .....

दिएको देखिनँ, सबैलाई एकैचोटि मेयर वा प्रदेशमा माननीय नै हुनुपरेको छ ! वडा त कसले हेर्ने हो र, देशै बनाउने हो, वडा के बनाउने, होइन ? यसले के देखाउँछ भने हामी अवसरवादी राजनीतितर्फ उन्मुख हुँदैछौं । बाहिर नदेखाए पनि भित्र छलँङ्गै देखिइसकेको छ ।'

देशभर ७५३ पालिका र ६ हजार ७४३ वडामा सरकारले आगामी फागुनमा निर्वाचन गराउने गरी गृहकार्य गरिरहेको छ । गत वर्ष जेनजी आन्दोलनपछि फागुनमा भएको निर्वाचनमा रास्वपाले ५१ लाख ८५ हजार लोकप्रिय मत प्राप्त गरेको थियो । निर्वाचनमा संविधान संशोधनलाई प्रमुख मुद्दा बनाएको रास्वपाले स्थानीय तह निर्वाचनमा पनि अत्याधिक मत जित्नुपर्ने बाध्यता छ । संविधान संशोधनका लागि राष्ट्रिय सभामा दुइ तिहाइ पुग्नुपर्ने हुन्छ । राष्ट्रिय सभामा २०८४ र २०८६ मा झण्डै दुइ तिहाइ सदस्यको पदावधि सकिँदैछ । राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र प्रदेश सभा सदस्य मतदाता रहनेछन् ।

उम्मेदवार छनोट रूपरेखा समितिका एक सदस्यका अनुसार पार्टी कार्यकर्ताको प्राथमिकतामा मेयर, उपमेयर, अध्यक्ष र उपाध्यक्ष पदमा बढी आवेशन परेकोछ । प्राप्त आवेदनका आधारमा पदीय भूमिकाअनुसार कार्यकर्ताले कम प्राथमिकतामा राखेर अन्य पदहरू वडाध्यक्षमा आवेदन दिएका छन् ।

'कुन कुन पदमा कति आवेदन पर्यो भनेर हामीले हेरेका छैनौं । मोटामोटी रूपमा अहिलेसम्म प्रमुख पद मेयर, उपमेयर, अध्यक्ष र उपाध्यक्षमा बढी रूचि देखिएको छ,' ती सदस्यले भने, 'अन्य पदमा पनि आवेदन नआएको त होइन तर मेयर, अध्यक्ष पदका लागि बढी आकांक्षी देखिएका छन् ।'

यद्यपि संयोजक विपिन कुमार आचार्यले स्थानीय तहका उम्मेदवारका लागि आवेदन उत्साहजनक नै रहेको बताएका छन् । उनका अनुसार आवेदनका लागि समयसिमा नतोकिएकाले तिहारपछि बढ्न सक्ने बताए ।

'नगरपालिकाका मेयर/उपमेर, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षको तुलनामा वडाध्यक्ष/सदस्यहरूमा आवेदन कम परेको हो,' आचार्यले भने, 'हामीले आवेदनका लागि समयसिमा तोकेका पनि छैनौं । निर्वाचन कहिले हुन्छ भनेर मिति तय भएको पनि छैन । त्यसैले उत्साह नदेखिएको पनि हुन सक्छ ।'

आगामी स्थानीय तहको निर्वाचनमा योग्य र सक्षम उम्मेदवार छनोट गर्न रास्वपाले भदौ १ गतेदेखि 'क्यान्डिडेट क्लब' का लागि आवेदन खुला गर्ने निर्णय गरेको थियो । रुपरेखामा उम्मेदवार छनोट आचारसंहिता तथा दण्ड-सजायसम्बन्धी पाँच बुँदे विशेष व्यवस्था गरिएको छ । पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न, उम्मेदवार छनोट प्रक्रियाप्रति सदस्य तथा नागरिकको विश्वास कायम राख्न र स्थानीय तहको उम्मेदवार छनोटलाई पूर्ण रूपमा पारदर्शी, निष्पक्ष, मर्यादित र विधिसम्मत बनाउन शून्य सहनशीलता (जिरो टोलरेन्स) को नीतिसहित आचारसंहिता तथा दण्ड-सजायसम्बन्धी विशेष व्यवस्था लागू गरिएको छ । आर्थिक लेनदेन तथा चलखेलमा पूर्ण प्रतिबन्ध, आन्तरिक मतदान तथा मूल्यांकनमा धाँधलीविरुद्ध कडा कारबाही, छनोट समितिमा संलग्न पदाधिकारी तथा सदस्यहरूको आचरण, गुटबन्दी, दुष्प्रचार र चरित्र हत्यालाई गम्भीर अनुशासनहीनता मानिनेछ ।

रास्वपाले स्थानीय तहको उम्मेदवार बन्नका लागि ४ बुँदे मापदण्ड बनाएको छ । रूपरेखाअनुसार उम्मेदवार छनोटमा प्रारम्भिक निर्वाचनलाई सबैभन्दा बढी ४० प्रतिशत भाराङ्क दिइएको छ । त्यस्तै, लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटीलाई २५-२५ प्रतिशत तथा समावेशितालाई १० प्रतिशत भार निर्धारण गरिएको छ ।

उम्मेदवार बन्न इच्छुक व्यक्तिले सुरूमा पार्टीको क्यान्डिडेट क्लबमा आवेदन दर्ता गराउनुपर्नेछ । क्लबमा दर्ता भएका सबै आकांक्षीले स्थानीय शासन, कानुन, सुशासन, डिजिटल साक्षरता, सार्वजनिक वित्त र पार्टीका नीतिसम्बन्धी अनिवार्य प्रशिक्षण लिनुपर्नेछ । लिडरसिप एकेडेमीको मूल्याङ्कनमा तोकिएको न्यूनतम मापदण्ड उत्तीर्ण गर्ने आकांक्षीले मात्रै छनोट प्रक्रियामा प्रवेश पाउनेछन् । अनुत्तीर्ण हुने आकांक्षी स्वत: प्रक्रियाबाट बाहिरिने व्यवस्था गरिएको छ ।

रूपरेखामा समावेशिताका लागि १० प्रतिशत भार छुट्याइएको छ । यसअन्तर्गत खुला पदमा उम्मेदवारी दिने महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अल्पसंख्यक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, वैदेशिक रोजगारीबाट फर्केर उद्यम गरेका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग र दुर्गम क्षेत्रका प्रतिनिधिलाई समेटिएको छ ।

आन्तरिक मतदातामध्ये कम्तीमा २५ प्रतिशतले मतदान नगरेमा प्रारम्भिक निर्वाचन अवैध हुने र त्यसको भाराङ्क शून्य मानिने व्यवस्था गरिएको छ । प्रारम्भिक निर्वाचनमा 'नन अफ द एभब' (नोटा) अर्थात् कुनै पनि उम्मेदवारलाई मत नदिने विकल्पसमेत राखिएको छ । नोटाले सबैभन्दा बढी मत पाएमा सम्बन्धित पदका सबै उम्मेदवारी खारेज गरी नयाँ उम्मेदवार छनोट र पुन: मतदान गरिने रूपरेखामा उल्लेख छ ।

रास्वपा पहिलो दल भएका व्यक्तिले पार्टी सदस्यता लिएको कम्तीमा ४५ दिनपछि मात्रै पालिका प्रमुख, उपप्रमुख वा वडाध्यक्षका लागि उम्मेदवार बन्न पाउनेछन् । वडा सदस्यका लागि भने कम्तीमा तीन दिनको अवधि तोकिएको छ । अन्य दलबाट रास्वपा प्रवेश गरेका व्यक्तिका हकमा पालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षका लागि कम्तीमा ९० दिन तथा वडा सदस्यका लागि कम्तीमा सात दिन पार्टी सदस्य भएको हुनुपर्नेछ ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

जनकपुरमा होटलदेखि गाउँसम्म प्रहरीको छापा .....



का ४० वर्षीय सुजित शर्मा र ४६ वर्षीय शिवशंकर मिश्रा रहेका छन्। उनीहरूको साथबाट पाँच गड्डी तास, १७ हजार ४०० रुपैयाँ नगद तथा प्रदेश २-०२-००४ प ३९९६ नम्बरको स्कुटर र प्रदेश २-०२-००५ प ४६२५ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

कार्तिक २१ गते मध्यराति जनकपुरधाम-९ स्थित काली होटलमा जुवातास खेलिरहेको सूचनाका आधारमा प्रहरीले छापा मार्दा जनकपुरधाम, महोत्तरी र सर्लाहीका पाँच जना पक्राउ परेका थिए। उनीहरूको साथबाट नेपाली रुपैयाँ ८८ हजार २ सय ८०, भारतीय रुपैयाँ १ हजार २ सय, तासका १३ सेट र छवटा मोबाइल बरामद गरिएको थियो।

यसैगरी, कार्तिक २३ गते बिहान करिब ५:३० बजे जनकपुरधाम-१४ रजौलस्थित साजन टेन्ट हाउसमा तास खेलिरहेको अवस्थामा १८ जना पक्राउ परेका थिए। उनीहरूको साथबाट तीन गड्डी तास र नेपाली रुपैयाँ १ लाख ६१ हजार ६ सय ४४ बरामद गरिएको प्रहरीले जनाएको छ। कार्तिक २४ गते राति करिब १ बजे जनकपुरधाम-२ स्थित सिटी होटलमा तास खेलिरहेको अवस्थामा थप पाँच जना पक्राउ परेका छन्।

उनीहरूको साथबाट ६७ हजार ५ सय रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले विभिन्न स्थानबाट पक्राउ परेका ३७ जनामाथि आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ।

प्रहरीको विवरणअनुसार धनुषामा जुवातास खेल्ने गतिविधि सार्वजनिक स्थानदेखि होटल र निजी घरभित्रसम्म हुने गरेको देखिएको छ। जनकनन्दनी गाउँपालिकाको बल्हा, जनकपुरधामको बसपार्क, काली होटल, साजन टेन्ट हाउस र सिटी होटलबाट भएका कारबाहीले यस्तो गतिविधि विभिन्न स्थानमा सञ्चालन भइरहेको छ।

चाडपर्वका बेला जुवातास नियन्त्रणका लागि प्रहरीले निगरानी र कारबाहीलाई तीव्र बनाएसँगै यस्तो कार्य गर्न र नगराउन आग्रह समेत गरेको छ।

जुवाडे छुटाउन सडकमा टायर बालेर विरोध प्रदर्शन

कार्तिक २३ गते बिहान जनकपुरधाम-१४ रजौलस्थित साजन टेन्ट हाउसमा तास खेलिरहेको अवस्थामा पक्राउ परेकालाई छोडनुपर्ने भन्दै स्थानियबासी आन्दोलनमा उत्रिएका छन्।

उनीहरुले मंगलबार साँझ जनकपुर ९ स्थित थापाचौकमा सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका छन्। सो क्रममा केही बेर आवतजावत अवरुद्ध समेत बनेको थियो।

प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले पक्राउ परेकाहरूलाई छोड्न दबाब दिने उद्देश्यले स्थानीय तथा परिवारजन आन्दोलनमा होमिएको बताए।

मधेशमा छठको तयारी सुरू, बजारमा किनमेल .....

पोखरी पार्कलाई पनि अहिले सजाउने काम तीव्र गतिमा भइरहेको छ।

घडीअर्वा छठको सजावटसहित व्यवस्थापनमा मात्रै यस वर्ष करिब २० लाख रुपैयाँ भन्दा बढी खर्च हुने अनुमान रहेको छठपूजा व्यवस्थापन समितिका अध्यक्ष राकेश साह कानुले बताए। छठघाटमा टेण्ट पण्डाल र फुलबत्तीसहितको सजावटका लागि भारतबाट कारिगरहरू बोलाइएको जानकारी उनले दिए।

यतिबेला बजारमा छठ पूजाका लागि चाहिने पुजन सामाग्री, वस्त्र, फलफुल, तेल, मसला जस्ता खाद्यान्नहरूको पसलमा ग्राहकहरूको भिडभाड देखिएको छ। छठ आउनुभन्दा दुई चार दिन पहिल्यै सामान किनेर राख्यो भने केहि सस्तो पनि पर्छ, वीरगन्जको घण्टाघर छेउको सडकमै थापिएको पसलमा छैट्टा किन्दै गरेको अवस्थामा भेटिएकी पर्साको पर्सागढीकी अमरावती देवीले भनिन्, 'अहिले नै सबै सामानको जोरजाम गरियो भने छठ पूजाका बेला त्यति धेरै धपेडी हुँदैन, पूजाकै अरु काममा समय दिन पाइन्छ।'

छठ पर्व मनाउने घरपरिवारका सबै सदस्यले नयाँ लुगा कपडा लगाउने प्रचलन रहेकाले बजारको रेडिमेड कपडा पसल र डिपार्टमेन्टमा पनि ग्राहकको चाप अत्याधिक बढेको छ।



'बिजुली थिएन, दियो बालेरै लहान झिलिमिली बनाउँथ्यौं'

अपन दैनिक संवाददाता
लहान, कार्तिक २५ गते



दीपावली उज्यालोको पर्व हो। त्यसैले हामी आ-आफ्ना घर र नगरलाई झिलिमिली बनाउने प्रयास गर्थ्यौं। म राम्रा केराका बोट छान्नेर घरअगाडि लगाउँथें। त्यहाँ बाँस-बत्तीको सहारामा दियो बाल्थें र घरको चारैतिर पनि दियो राख्थें। आफ्नो घर र नगरलाई सकेसम्म उज्यालो बनाउन पाउँदा मलाई धेरै खुसी लाग्थ्यो। त्यसरी नै म दीपावलीको आनन्द लिन्थें।

बाल्यकालमा पटाका पड्काउने खुब रहर हुन्थ्यो। हामी दीपावली आउनुभन्दा १० दिनअघिदेखि नै पटाका पड्काउन थाल्थ्यौं। कहिलेकाहीं बारुदले हात पोल्दा दीपावली अलि खल्लो पनि हुन्थ्यो। त्यतिबेला 'बर्नर' भन्ने औषधि पाइन्थ्यो। हातमा त्यो औषधि लगाउँथें, अनि फेरि पटाका पड्काउन तम्सिन्थें।

दीपावलीमा हामी साथीभाइ र छिमेकी दाजुभाइका घरमा गएर मीठा परिकार खान्थ्यौं। सहरमा बिजुली बल्छ भन्ने कुरा त्यतिबेला हाम्रो मनमा आउँदैनथ्यो। दीपावलीको रात आफ्नै नगरलाई झिलिमिली बनाउन हामी अबेरसम्म दियोमा तेल थप्थ्यौं र बत्ती मिलाउँथ्यौं।

कतिपय साथीहरू तास खेलेर रमाउँथे। मलाई चाहिँ एउटा कुरा खल्लो लाग्थ्यो। मधेशको प्रभाव बढी भएर होला, त्यतिबेला हाम्रोतिर भाइटीका मनाउने चलन कम थियो। थोरै मानिसले मात्र भाइटीका लगाउँथे होलान्। पछि ठूलो भएर विराटनगर आएँ। यहाँ भाइटीका मनाउने चलन देख्दा मलाई धेरै खुसी लाग्यो। मेरी दिदी नेपालमै बस्नुहुन्थ्यो। उहाँ अहिले यस संसारमा हुनुहुन्न। मैले अरूलाई पनि दिदी मानेर खुसीसाथ भाइटीका मनाउने गरेको थिएँ।

त्यतिबेला दीपावलीमा हाम्रोतिर 'जोडी' खेल्ने चलन पनि धेरै थियो। टाढा-टाढाबाट भाइबहिनीहरू मादल लिएर आउँथे। कतिपयले गितार र सितार पनि ल्याउँथे। उनीहरू राति दुई बजे पनि घरमा आएर जोडी खेल्न उठाउँथे। त्यो पनि मेरो एउटा रमाइलो सम्झना हो।

दिनभरि सरसफाइ गर्थ्यौं। दियो बाल्ने र बत्ती मिलाउने काम गर्दागर्दै कहिले रातको १२ बज्थ्यो, कहिले तीन बजेसम्मै जागा हुन्थ्यौं। त्यसमाथि राति दुई बजे नै जोडी खेल्न उठाउँदा कहिलेकाहीं अलि झन्झट पनि लाग्थ्यो। तैपनि जोडी खेल्दा रमाइलो हुन्थ्यो।

श्रीरामचन्द्र र सीता १४ वर्षको वनवास सकेर आफ्नो नगर फर्कँदा धूमधामले स्वागत गरिएको थियो भनेर मैले बाल्यकालमै आमाबुबाबाट सुनेको थिएँ। त्यही सम्झनामा दीपावली मनाउने परम्परा रहेको कुरा पनि उहाँहरूबाटै थाहा पाएँ।

बाल्यकालमा दीपावलीदेखि छठसम्मै खुब पटाका पड्काउँथें। त्यतिबेला 'दिवाल बम' र 'भुइँ बम' भन्ने पटाका हुन्थे। बाटोमा हिँडिरहेको साथीको खुट्टाछेउमा कसैले पटाका पड्काइदिन्थ्यो। ऊ एक्कासि झस्किन्थ्यो, डराउँथ्यो। हामीलाई त्यतिबेला त्यसैमा खुब मज्जा आउँथ्यो।

जस्तो परिस्थिति थियो, त्यसैमा हामीले बाल्यकालमा धेरै रमाइलो गर्‍यौं। यही भन्दै सबैलाई दीपावली र छठको शुभकामना दिन्छु। यत्तिमै आफ्नो कुरा टुङ्ग्याउँछु।

बटेश्वरका १२७ कर्मचारी 'बटेश्वर रत्न'बाट .....

कार्यक्रमसमेत आयोजना गरिएको थियो। कार्यक्रममा ३३ जनालेरक्तदान गरेको ब्लड फर नेपालका अध्यक्ष सरोजकुमार महतोले जानकारी दिए।

विभिन्न क्षेत्रमा कार्यरत सचेत युवा तथा प्रबुद्ध नागरिकको पहलमा गठन भएको बटेश्वर नागरिक समाजले समाज रूपान्तरणका लागि सकारात्मक कामलाई प्रोत्साहन गर्ने र नकारात्मक गतिविधिविरुद्ध खबरदारी गर्ने उद्देश्य लिएको छ।

समाजले बटेश्वरको इतिहास, धार्मिक धरोहर तथा सम्पदा, सरकारी सेवा, कृषि, उद्योग, व्यवसायलगायत क्षेत्रका उपलब्धि, सफलता र संघर्षका कथा समेटेर 'बटेश्वर स्मारिका' नामक पुस्तकसमेत वार्षिक रूपमा प्रकाशन गर्ने लक्ष्य राखेको समारोहका सञ्चालक शत्रुधन शर्माले जानकारी दिए।

संघीय निजामती ऐनको प्रतीक्षामा कर्मचारीतन्त्र: अनुभवी .....

गर्नुपर्छ। राष्ट्रसेवक कर्मचारीतन्त्रमा सेवा प्रवेश गराउँदा मेरिटका आधारमा अथवा दक्षता, योग्यता र अनुभव अपरिहार्य हुनुपर्ने प्राकृतिक सिद्धान्तको विरुद्धमा असीमित आरक्षण नीति लागू गरेर पटक-पटक चिह्ना पारेपछि इमानदार र परिश्रमीहरू पछि पर्नु स्वाभाविक हो।

३०/५५ को त्रास र अबको निकास

करिब २ हजार ६०० दरबन्दी खारेज र करिब ७ हजार ५०० कर्मचारीलाई बिदा गर्ने हल्लाले यतिबेला सिंगो 'स्थायी सरकार'को नामले चिनिने कर्मचारीतन्त्र भयानक मनोवैज्ञानिक त्रासमा छ।

राजनीति र प्रशासनबीचको बढ्दो अविश्वास तथा मन्त्रालयहरूमा हाबी भएका 'सल्लाहकार' र 'स्वकीय सचिवहरू'को जगजगी र अविश्वासले निजामती सेवाको स्वाभिमान र प्रतिष्ठा यतिबेला थला परेको छ।

३० वर्षे पेन्सन सीमा र जबर्जस्ती अवकाशका हल्लाले गर्दा आफ्नो जवानी र योग्यता सुम्पेका पुराना र पाका राष्ट्रसेवक निजामती कर्मचारीहरू अहिले 'थला परेका बिचरा' बन्न बाध्य छन्।

जाबो निजामती सेवालाई जसरी चलाए पनि के भो ? भन्ने निष्क्रिय स्वभावले राज्य सञ्चालनलाई कमजोर बनाउन सक्छ। अतः राजनीतिक नेतृत्वले सार्वजनिक प्रशासन र विकास प्रशासनलाई विश्वासमा लिनुपर्छ।

अबको निकास भनेको त सरकारले जसरी पनि नयाँ ऐन ल्याउनैपर्ने देखियो। फास्ट ट्र्याक अथवा अध्यादेशबाट भए पनि ल्याउनुपर्छ। किनभने एउटै कुरा बारम्बार जताततै फैलिसक्यो, जसरी डढेलोमा सल्केको आगो फैलिन्छ।

सरकारी कार्यालयहरूमा कार्यालयको लक्ष्य, उद्देश्य र मर्म हराइसक्यो। बिहान ९ बजे कर्मचारी आउँछन्, हाजिर गर्छन् अनि उही कुराले प्राथमिकता पाउँछ, ३०/५५।

नयाँले ३०/५५ लाई गिज्याउँछन्। अझ त ३०/५५ को हाकिम छ भने उसको त भन् केही कुरा पनि मान्दैनन् कर्मचारीले।

विकास निर्णय प्रक्रियामा, विकास बजेट खर्चको प्रगतिमा र नीतिगत निर्णयमा ढिला भइसक्यो। यसरी अन्योलमा राख्नु हुँदैन। अतः तत्काल अध्यादेश ल्याउनैपर्छ।

स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
९ नं. वडा कार्यालय, ठेङ्गही
मधेश प्रदेश, सिरहा (नेपाल)

